Study to work in
NEW ZEALAND
Meet 1st ICEF Trained Agent Counselor-ITAC 0627 (Internationally Certified) in Pokhara
Get Easy & Quick Offer Letter
No IELTS Required- New Visa Policy *
Mr. Rudra Prasad Aryal
MEET US FOR:
Expert Visa Guidance & Documentation
Easy & Fast Track Visa Processing
Dependent Visa Facility
Pay After Pre-Visa (Approval)
Work Visa After Study & PR Options.
For Selected Courses/Colleges
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812 / Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np
Find us : www.facebook.com/beaconpage

गोल्डेन न्यूज

राष्ट्रिय दैनिक

Golden News National Daily

❍वर्ष ६ ❍अंक ३० ❍श्रेणी 'क' ❍२०७१ कात्तिक ६ गते शुक्रबार ❍ 23 Oct. 2014 ❍पृष्ठ ४ ❍मूल्य रू. ३/-

Study & work in
JAPAN
Intake: April... 100% Visa Sucess in Oct. 2014
सम्पूर्ण खर्च सहित सात लाखमा
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖College of your Choice ❖Age bar/Gap No Problem
❖NAT/JLPT classes are running by language expert
हाम्रो विशेषता : भिषा पश्चात् विद्यार्थीलाई आफैले लगेर कामको र बसोबासको वन्दोवस्त मिलाईने
NADESHIKO Language Institute
Ranipauwa, (ब्यारेक, मणिपाल बस स्टपको ठीक अगाडि)
(Karmacharya Hardware सगै)
977- 61-522668, 9805877868

मानवअधिकार उल्लंघनका घटनामा वृद्धि

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा सरोकारवाला निकायबीच नेपाल मानवअधिकार वर्षपुस्तकको त्रैमासिक पूर्वसमीक्षा कार्यक्रम बुधबार पोखरामा सम्पन्न भयो । कार्यक्रममा सहभागीहरुले मानव अधिकार उल्लङ्घनका दोषीलाई कारबाही र पीडितलाई न्यायको प्रत्याभूतिका लागि सरोकारवाला निकायले पहल गर्नु पर्नेमा जोड दिए । उनीहरुले महिला तथा बालिकामाथि बढेको हिंसाप्रति चिन्ता व्यक्त गर्दै घटनामा संलग्न दोषीलाई कारबाहीको लागि कडा कानुन बनाई प्रभावकारी कार्यान्वयन गर्नु पर्ने बताए । साथै पीडकलाई राजनीतिक संरक्षण गर्न नहुनेप्रति दलहरुको ध्यानाकर्षण गराउदै अनुसन्धान प्रक्रियालाई व्यवस्थित बनाइनुपर्ने बताए ।

कार्यक्रममा इन्सेक कास्की जिल्ला प्रतिनिधि सनबहादुर थापाले सन् २०१४ को जूलाईदेखि सेप्टेम्बरसम्मको जिल्लामा भएका बालअधिकारका १३ ओटा र महिलाअधिकार १४ ओटा घटना सहितको प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमा एक महिलाको बलात्कारपछि हत्या र एक बालिकाको कुटपिटबाट हत्या भएको उल्लेख छ । यस अवधीमा बलात्कार, बलात्कार प्रयास र यौनदुर्व्यहारका ११ ओटा घटनामा आठ जना बालिका एक बालक र तीन जना महिला पीडित भएका छन् । त्यसैगरी बेचविखन तथा ओसारपसारका चार ओटा घटनामा दुई बालिका र दुई महिला पीडित भएका छन् । अघिल्लो तीन महिना (अप्रिल-जून) मा बालअधिकारका १२ ओटा र महिलाअधिकारका आठ ओटा घटना भएका थिए । जसमध्ये बलात्कार सम्बन्धी १३ ओटा घटनामा आठ बालबालिका र पाँच जना महिला पीडित भएका थिए ।

राष्ट्रिय मानवअधिकार आयोग पोखराका निर्देशक डा.टीकाराम पोखरेलले महिला तथा बालबालिका माथि हुने गरेका हिंसाका घटना न्यूनीकरणका लागि घटना किन र के कारणले भएको हो सो सम्बन्धमा तथ्य पत्तालगाएर अभियान चलाउनु पर्ने बताए । वरिष्ठ मानव अधिकारकर्मी टेकनाथ बरालले समाज संस्कारविहीन र नैतिकपतन भएकोले हिंसाका घटना बढ्दै गएको भन्दै मानवीय सभ्यता र संस्कारको शुरुवात गर्नु पर्नेमा जोड दिए । नेपाली काँडग्रेसका जिल्ला सचिव युवराज कुँवरले यौन दुर्व्यवहारका घटना मात्र नभई घरेलु हिंसाका घटना समेत बढ्दै गएकोले राजनीतिक दलहरुले संगठन परिचालन मार्फत् समाजमा सचेतना अभियान चलाउनु पर्ने बताए ।

नेकपा एमालेकी जिल्ला सदस्य सन्तु सुवेदीले जघन्य अपराधका दोषीलाई राजनीतिक दलले संरक्षण गर्न नहुनेमा जोड दिदै गाउँ गाउँमा भएका मानवअधिकार हनन्का घटना उजागर गर्नु पर्ने बताईन् । एनेकपा माओवादीका जिल्ला अध्यक्ष दीपक कोइरालाले राजनीतिक दल, सरोकारवाला निकायबीच समन्वय र सहकार्य गरी मानवअधिकार उल्लङ्घनका घटनाको न्यूनीकरण गर्नु पर्ने बताए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रकी प्रमुख इन्स्पेक्टर चन्द्रा गुरुङ, महिला तथा बालबालिका कार्यालयकी प्रतिनिधि उमादेवी शर्मा, शान्तिका लागि नागरिक समाजको सञ्जालका संयोजक रामप्रसाद सुवेदी, महिला मानवअधिकार रक्षक सञ्जालकी अध्यक्ष सरलाकुमारी पाण्डे, अधिकारकर्मीहरु नवदत्त ढुङ्गाना, खगराज आचार्य, विष्णु बराल, सिविन पोखराका संयोजक प्रेम सोडमेन, हुर्जाका अध्यक्ष राजेश पराजुली, नौलो विहानीका राजु थकाली, परिवर्तन नेपालका विन्दिया गौतम लगायतले वर्षपुस्तका लागि सुझाव दिएका थिए । इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रम इन्सेक पोखराका प्रलेख तथा पीएमई अधिकृत टंक खनालले सञ्चालन गरेका थिए ।

तिहारको किनमेलले मुख्य बजार भरिभराऊ

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।

तिहारको किनमेलले अहिले पोखराको मुख्य बजार महेन्द्रपुल र चिप्लेढुंगा पुरै भरिभराउ भएको छ । डिपार्टमेन्टल स्टोरदेखि अन्य स-साना पसलमा पनि यतिबेला ग्राहकको निकै नै भिड लागेको छ । यो भिड अझै दुईदिनसम्म रहिरहने व्यवसायीको भनाई छ । बजार भरिभराउ भएपछि पैदल हिडडुलमा समेत समस्या छ ।

पोखराका डिपार्टमेन्टल स्टोरले उपभोग्य र लत्ताकपडामा विशेष छुट दिएर थप ग्राहक तानिरहेका छन् । सेलवेज डिपार्टमेन्टका म्यानेजर दयाल गिरीले घरायसी र उपभोग्य वस्तु किन्न यतिबेला बजारमा उपभोक्ताहरु आउने गरेको बताए । उपभोक्तालाई आकर्षित गर्न यतिबेला सेलवेजले उपभोग्य सामाग्रीदेखि लत्ताकपडामा छुट समेत दिएको छ । सेलवेजका म्यानेजर दयाल गिरीका अनुसार अहिले खाद्यन्नमा ५, भान्साका भाडाकुडाँमा १० र लत्ताकपडामा २० प्रतिशत सम्म छुट दिइएको छ । 'मूल्यमा छुट दिएकोले पनि आकर्षण बढेको हो । महंगिको मारमा परेका उपभोक्तालाई यो छुटले थोरै भएपनि राहत दिन्छ' उनले भने, 'केहि समय यो छुट रहिरहनेछ ।' अर्का कपडा व्यवसायी चन्द्रेश्वर बस्ताकोटीले पनि पोखराको चिप्लेढुंगा बजारमा यतिबेला निकै नै भिड लागेको बताए । लत्ताकपडा महंगो बजारमा उपभोग्य वस्तुभन्दा कपडाको मुल्य अधिक बढेको छ । पोहोरको तुलनामा सबैखाले गार्मेन्ट कपडामा २५ प्रतिशतसम्म मुल्य बढेको उद्योग वाणिज्य संघ पोखराका उपाध्यक्ष तथा फेन्सी एवं रेडिमेड व्यवसायी संघका अध्यक्ष मिनराज काफ्लेले बताए । काफ्लेका अनुसार पोखरामा अधिकांश चिनियाँ कपडा आउँछन् । तातोपानीबाट काठमाडौं हुँदै पोखरासम्म आउने कपडा सिन्धुपाल्चोकको पहिरोले समयमा समयमै आउन नसकेर रोकिएका थिए । तर, बाटो बिग्रेको निहुँ पारेर ढुवानीकर्ताले जथाभावि ढुवानी खर्च लिएपछि यो पटक कपडा महंगिएको उनले बताए । ढुवानीकर्ताले खासाबाट काठमाडौं ल्याउँदा जथाभावी भाडा लिने गरेको उनले बताए ।

विमानस्थलको संयोजकमा आ-आफ्नै दावी

पोखरा ५ कार्तिक ।(गोल्डेन)

सभासद् शारदा पौडेलले अन्तराष्ट्रिय क्षेत्रीय विमानास्थल सहयोग समितिको संयोजक यस क्षेत्रकै व्यक्ति हुनु पर्ने बताएकी छन् । कमलपोखरी संरक्षण समितिले तयार पारेको गुरुयोजना बुझ्दै उनले आफ्नो क्षेत्रको विकासका लागि आफ्नै लाई थहा हुने भएकाले पनि संयोजक यस क्षेत्रकै व्यक्तिलाई बनाईनु पर्ने बताईन् । आफ्नो क्षेत्रको विकासकालई त्यस क्षेत्रका व्यक्तिलाई मात्र थाहा हुन्छ उनले भनिन्-एयपोर्ट जस्तो संवेदशिल क्षेत्रमा राजनीतिक चलखेल गर्न पाईदैन । एयपोर्ट बनाउने सवालमा सरकार समक्ष ध्यानकर्षण गर्न गएको प्रतिनिधि मण्डलामा सभासद् रविन्द्र अधिकारी सहभागि नभएर गैर जिम्वेवार बनेको आरोप लगाईन् । आफू यस क्षेत्रको सभासद भएकाले अन्य क्षेत्रको सभासद् ल्याएर एरपोर्टको संयोजक बनाएर राजनीतिक चलखेल नगर्न उनले सुझाव दिईन् । सहयोग समितिको संयोजक म नै हुनु पर्दछ भन्ने छैन उलने भनिन्- यस क्षेत्रको विकासका लागि यस क्षेत्रकै सभासदलाई संयोजक तोकिनु पर्दछ, त्यो जुन पार्टीको पनि हुन सक्छ । उनले पोखरा-१३ मा रहेको कमलपोखरी लाई पर्यटकीय र धार्मिक स्थल बनाउनका लागि आफ्नो तर्फबाट भरमजदुर प्रयास गर्ने प्रतिवद्धता जनाईन् । यहाँका स्थानीय वासिले खाई र नखाई गरि कमल पोखरीको संरक्षण गरेकोमा मलाई खुशी लाग्यो उनले भनिन्-कमलपोखरीको विकास गर्ने दायित्व मेरो पनि भएकोले यसलाई आफ्नै दायित्व सम्झेर राज्यलाई ध्यानकर्षण गराउने छु । आफू जनप्रतिनिधिको हैसियतले समग्र कास्कीको विकासका लागि प्रयास गर्ने उनको भनाई थियो । उनले तोकिएकै समयमा संविधान वन्नेमा ढुक्क हुन सवैलाई आग्रह गरिन् । सहमति र सहकार्यमा नेताहरु भाग्ने छैनन् उनले भनिन्-दलहरुको सहमति र सहकार्यका साथ संविधान वन्ने छ । कार्यक्रममा नेपाली काँग्रेस वडा इकाई समिति पोखरा-१३ का सभापति वजिरमान श्रेष्ठले पनि वोलेका थिए । कमलपोखरी संरक्षण समितिका अध्यक्ष तेशवहादुर विकको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको सञ्चालन सचिव दिलवहादुर विकले गरेका थिए ।

हार्दिक शुभकामना



शुभ दीपावली २०७१ को पावन अवसरमा हाम्रा पाठकवृन्द, विज्ञापनदाता, ग्राहकवर्ग, सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनी तथा शुभचिन्तकहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य तथा दीर्घायूको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै तिहार बिदाका कारण गोल्डेन न्यूज राष्ट्रिय दैनिकको आगामी अंक यहि कार्तिक ११ गते मंगलबार प्रकाशित हुने सम्पूर्ण पाठक वर्गमा जानकारी गराउन चाहन्छौं ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक परिवार

लोकगायिका हरिदेवी कोइरालाको 'फिरेन है दिन' विमोचन

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।



वरिष्ठ लोकगायिका एवं प्राज्ञ हरिदेवी कोइरालाको शव्द, लय तथा स्वरमा प्रकाशित 'फिरेन है दिन' भिसिडी बुधबार एक कार्यक्रमका बीच विमोचन गरिएको छ । हरिदेवी कोइराला साहित्य संगीत सम्मान कोष र सप्तरङ्गी सांस्कृतिक प्रतिष्ठान नेपालको संयुक्त आयोजनामा उक्त भिसिडी विमोचन गरिएको हो । भिसिडीको विमोचन वरिष्ठ समालोचक प्रा.डा. रविलाल अधिकारी र अलिमिया वाङ्मय प्रतिष्ठानका अध्यक्ष हनिफ मियाँले गरेका थिए ।

बुधबार विमोचन गरिएको कोइरालाको भिसिडी 'फिरेन है दिन' मा आउन माया, सिरसिर हावा, खान्न मत तालैको..., कस्तो छ पोखरा, के सिन्दुर पैरेछु, आमा तिम्रो, आज र मैले (असारे गीत) गरि आठ गीत र भिडियो समावेश रहेका छन् । भिसिडीको सम्पादन श्री व्लाक फिल्म प्रोडक्टका सगुन सिग्देलले गरेका छन् । भिसिडी विक्रीबाट प्राप्त आम्दानीको २५ प्रतिशत रकम सामाजिक कार्यमा खर्च गरिने बताइएको छ । विमोचन कार्यक्रममा भिसिडीमा समावेश भएका कस्तो छ पोखरा र आमा तिम्रो गीतको श्रव्यदृश्य प्रदर्शन गरिएको थियो । प्रदर्शन गरिएको 'आमा तिम्रो' शीर्षकको गीत तथा श्रव्यदृश्यमा एउटी आमाले आफ्ना सन्तानलाई गर्भमा प्रवेश गरेदेखि जन्माउन, लालन-पालन गर्न, हुर्काउन, बढाउन, पढाउन र ठूलो बनाउन खेल्नुपर्ने भूमिका र गर्नुपर्ने कर्तव्यलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ भने छोरीले पनि आफ्नी आमाप्रति निर्वाह गर्नुपर्ने भूमिकालाई उजागर गरिएको छ । गीतमा आमाको दूधको भार सन्तानले कहिल्यै तिरेर नसकिने मार्मिक सन्देश दिइएको छ ।

यस्तै कस्तो छ पोखरा भन्ने गीत तथा भिडियोमा सुन्दर नगरी पोखराको समग्र क्षेत्रको चर्चा गरिएको छ । उक्त गीतमा पोखराका अग्रज साहित्यकार, संस्कृतिकर्मीका साथै पोखराका विभिन्न स्थानको चर्चा गरिएको छ । कस्तो छ पोखरा गीतमा हरिदेवी कोइराला र लोकबहादुर क्षेत्रीको स्वर रहेको छ । उक्त गीत तथा भिडियोको संयोजन रामबहादुर कोइरालाले गरेका छन् ।

कार्यक्रममा भिसिडीको चर्चा गर्दै समीक्षक असफल गौतमले लोकसंस्कृतिमा छाडापन आइरहेको बेला हरिदेवीको भिसिडी यथार्थपरक, सन्देशमूलक र सबैको मन छुने खालको रहेको बताए । उनले हरिदेवी कोइराला संस्कृतिकर्मी हुन्, नेपालको संस्कृति र रीतिरिवाज संरक्षणमा लारिहेकी छन् र अझै लाग्ने प्रेरणा मिलोस. भन्ने शुभकामना दिए ।

हरिदेवी कोइराला साहित्य संगीत सम्मान कोषका अध्यक्ष कृष्णप्रसाद बाँस्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा समालोचक प्रा.डा. रविलाल अधिकारी, लोककवि अलिमियाँ वाङ्मय प्रतिष्ठानका अध्यक्ष हनिफ मियाँ, संस्कृतिविद् प्रा.डा. कुसुमाकर न्यौपाने, श्रष्टा हरिदेवी कोइराला, भिसिडीका परिकल्पनाकार रामबहादुर कोइराला, अग्रज पत्रकार नारायण कार्की, सप्तरङ्गी सांस्कृतिक प्रतिष्ठान नेपालका अध्यक्ष नवराज बराल, महासचिव अभिमन्यु विक्रम राणा लगायतले दीपावली लगायतका पर्वको शुभकामना व्यक्त गर्नुका साथै पोखराले हरिदेवीको साधना अझै पाउनुपर्नेमा जोड दिएका थिए । कार्यक्रमको संचालन संस्थाका सचिव एवं लोकगायक पदमराज ढकालले गरेका थिए ।

हरिदेवी कोइरालाले एकल तथा संयुक्त गरि सय भन्दा बढी गीतमा

बाँकी अन्तिम पृष्ठमा.....

ईजरायल
ईजरायलमा लामो समय
हिब्रु भाषाको ट्रेनिङ्ग प्राप्त गरी
नेपाल आउनु भएका दक्ष हिब्रु भाषा
प्रशिक्षकहरूद्वारा भाषा प्रशिक्षण तथा
केयर गिभर तालिमका लागि
धमाधम भर्ना लिइरहेको छ ।
ईच्छा शक्ति र लगानी तपाईको गन्तव्यमा पुऱ्याउने जिम्मा हाम्रो
पश्चिमाञ्चलको एकमात्र पुरानो हिब्रु भाषा प्रशिक्षण केन्द्र . . .
TOPS Language & Training Institute
महेन्द्रपुल, हुलाक पछाडि (मेडिकल लाइन)
(गोर्खा मेडिकलको दोस्रो तलामा)
फोन: ०६१-६२२२८९, ५२५८३५

जिरो प्वाइन्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.
Zero Point Travels & Tour (P.) Ltd.
Specially International Tickting & Domestice Ticket
अन्य सेवाहरू :
Internation & Domestice Hotel Booking
Touriest Bus Ticket and other Travels.
Helicopter Charter
Mr. Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9, Nepal
Phone : +977-61-526004, 9856031455, 9846065544
Fax : +977-61-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointravel.com.np

ENJOY FESTIVE SHOPPING
at
Saleways Department Store
Wishing you all a
Happy Deepawali & Chhat
GET DISCOUNT OFFER ON
Garements 20% off
Kitchen Ware 10% off
Groceries 5% off

■ एकाग्रतापूर्वक गरिएको विचारले असम्भवलाई पनि सम्भव बनाउँछ ।
- खप्तड स्वामी

सम्पादकीय . .

तिहारको शुभकामना

यतिबेला नेपालीहरुको दोस्रो महान् चाड तिहार नेपालीको आँगनमा भित्रिसकेको छ । हिन्दु नेपाली दिदीबहिनी दाजुभाइ तिहारको तयारीमा जुटिसकेका छन् । आँगनमा ढकमक्क फूलेका मखमली र सयपत्रीले तिहार उमंग थपिसकेको छ । कात्तिककृष्णपक्षको त्रयोदशी तिथिदेखि सुरु भएको यो पर्व पाँच दिनसम्म मनाइन्छ । कात्तिकशुक्लपक्षको द्वितीयामा भाइटीका लगाएपछि तिहार सम्पन्न हुन्छ । हिन्दु धर्मशास्त्रले तिहारको पाँच दिनलाई यमपञ्चकको रुपमा व्याख्या पनि गर्छ ।

यो पर्व कात्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरु भएर कात्तिक शुक्लपक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । हिन्दू धर्मावलम्वीले दीपावली (दिवाली) को रुपमा यस पर्वलाई धूमधामसंग मनाउँछन् । यस पर्वको नाम हिन्दी शव्दको 'त्योहार' शव्दबाट विकृत हुँदै तिहार बनेको अनुमान लगाइन्छ । यसलाई दीपावली अनि दिवाली नामले पनि बुझ्ने गरिएको छ । पाँच दिनसम्म मनाईने तिहारको सम्बन्धमा हिन्दू धर्मशास्त्रका पौराणिक कथाहरु पनि छन् । सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई रमाइलो मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको हिन्दू धर्मशास्त्रमा उल्लेख गरिएको छ । यसरी रहँदा-बस्दा यमुनाको व्यवहारले निकै प्रशन्न भई यमराजले बहिनी यमुनालाई 'जे मन लाग्छ वर माग' भन्दा यमुनाले 'हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयू, कीर्ति सदा वृद्धि होस्' भन्ने वरदान मागिन् । यमराजले पनि तथास्तु भन्दै 'मनसा, वाचा, कर्मणा र शुद्धचित्त'ले यस प्रकारसंग भातृपूजा गर्ने गराउनेहरुको सदा उन्नति हुने तथा कीर्ति पनि फिँजिने वर दिई आफ्नी बहिनीसंग बिदा भई गएको र यसरी प्राचीन कालदेखि अहिलेसम्म अविच्छिन्न रुपले यो पर्व मानिँदै आएको परम्परा छ । तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत पनि गरेको छ । काग, कुकुर, गाई अनि गोरुको पूजा गर्ने परम्परा मानव र पशुबीचको प्रगाढ सम्बन्धको संकेत पनि हो । अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई पनि यसले छर्लङ्ग पार्दछ । दिदीबहिनीले दाजुभाइलाई सप्तरंगी टीका लगाई, मखमलीको माला अनि ओखर फोडेर दीर्घायु को साथै संमृद्धिको कामना गर्छन् । दाजुभाइले पनि दिदीबहिनीलाई उपहार दिएर दिदीबहिनीको सुस्वास्थ्य अनि समृद्धिको कामना गर्छन् । तिहार विशेष गरी पारिवारिक आत्मीयता बाँड्ने अवसर पनि हो । काम विशेषले गर्दा पछिल्लो समय आफ्नो रक्तनाताका व्यक्तिहरु एक्लै-एक्लै रहनुपर्ने अवस्था पनि बढ्दै गएको छ । यो पर्व मनाउन देश विदेशबाट दाजुभाइ दिदीबहिनी एक आपसमा भेट भइ आत्मियता बाँड्दा पारिवारिक पुनर्मिलन मात्रै नभइ सामाजिक सम्बन्धमा पनि पुनर्ताजगी हुन्छ ।

तिहार पर्व विशुद्ध पारिवारिक आत्मियता अनि कोमलताको पर्व पनि हो । तर, पछिल्लो समय रमाइलो गर्ने नाममा यो चाड पनि भड्किलो बन्दै गएको छ । आफ्नो हैसियत भन्दा धेरै खर्च गर्ने प्रवृत्ति पनि बढ्दै गएको छ । अर्कोतिर, देउसी भैलोको नाममा होहल्ला गर्ने, चन्दा माग्ने विकृतिहरु पनि बढेका छन् । पर्वका समयमा हुने यस्ता गलत प्रवृत्ति अन्त्य गर्न राज्यले केही पहल गरेको भएपनि प्रथमतः व्यक्ति स्वयं सचेत हुन जरुरी छ । अर्कोतर्फ बढ्दै गएको विकृति अन्त्य गरी सभ्य तरिकाले तिहार मनाउने वातावरण सिर्जना गर्न स्थानीय प्रशासनको चासो पुग्न जरुरी छ । यसवर्षको तिहारमा आफ्नो संस्कृतिको रक्षा गर्दै सरल रुपमा मनाउन प्रेरित गरोस्, संविधान निर्माणको चरणमा रहेको मुलुक नेपालमा शीघ्र संविधान निर्माण भइ देश संवृद्ध बनाउन नेताहरुमा प्रेरणा मिलोस् । महानपर्व शुभदीपावलीको अवसरमा हाम्रा पाठक, विज्ञापनदाता, शुभेच्छुक सबैमा हार्दिक मंगलमय शुभकामना !

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल कार्तिक ६ गते बिहीबार, तदनुसार अक्टुबर २३ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चल्दै छ । चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिककृष्णपक्षको अमावश्य तिथि ५२ घटि १२ पला अर्थात रातिमा ३ बजेर २ मिनेटसम्म त्यसउप्रान्त प्रतिपदा तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा रहेको छ भने चन्द्रमा कन्या राशिमा २४ घटि ४६ पला अर्थात दिनमा ४ बजेर ३ मिनेटसम्म त्यसउप्रान्त तुला राशिमा प्रवेश गर्नेछ । आज दिनमान २८ घटि १२ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ०९ मिनेटमा रावण मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ५ बजेर २६ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : इष्टमित्रवाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसँग सुमधुर रहने, यात्रा फलदायी रहनेछ ।

वृष : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमन्यश्यता, आम्दानीका श्रोत घट्ने, दिन खर्चालु हुनेछ ।

मिथुन : टाढाको यात्रामा शारीरिक पीडा, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका, दिन सामान्य रहेकोछ ।

कर्कट : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ ।

सिंह : शत्रुहरू सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, कारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी, दिन खराब रहनेछ ।

कन्या : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदैशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ ।

तुला : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला ।

वृश्चिक : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ ।

धनु : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसँग किचलो हुनेछ, गरेको कार्य अर्थहिन हुनेछ ।

मकर : राजनीतिक दुःख झेल्नुपर्ने, आत्मीयजनबाट धोका र कलहले दिनभर मनमा तनाव हुनेछ हासियार हुनुहोला ।

कुम्भ : आँखामा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ जोगिनुहोला ।

मीन : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

सयपत्री फूलको धार्मिक एवं आयुर्वेदिक महत्व



पुनित सिंह श्रेष्ठ

अहिले हामी हिन्दू धर्मावलम्वीहरुका माझ भर्खरै महान चाड दशैं सकिएर अर्को महानपर्व तिहारको आगमन भएको छ । तिहार हाम्रा लागि झिलीमिली वत्ति र पुष्पहरुको चाड जस्तो लाग्ने गर्दछ, जसमा हामी धनकी देवी लक्ष्मीको पूजा र दिदीबहिनीहरुले आफ्ना दाजुभाइहरुलाई टीका लगाइ दीर्घायूको कामना/प्रार्थना गर्ने गर्दछन् । तिहार अर्थात दीपावलीको समयमा सयपत्री पुष्पको बारेमा यहाँ चर्चा गर्न प्रयत्न गरेको छु ।

पुष्प भन्ने बित्तिकै हाम्रो बुझाइमा सुन्दर, मनमोहक, आकर्षक र सुगन्धित चित्र घुम्न थाल्दछ । तर संसारमा यति धेरै प्रकारका पुष्पहरु छन् कि सबै पुष्पहरु सुन्दर र सुगन्धित हुन्छन् नै भनि भन्न सकिन्न । पुष्पहरुलाई तिनीहरुको आकार-प्रकार, गन्ध र क्रियाको आधारमा फरक-फरक ढङ्गले वर्गिकरण गरिएको छ । माथि उल्लेख गरिएजस्तै यहाँ सयपत्री पुष्पको संक्षिप्त वर्णन गरिएको छ ।

सयपत्री पुष्पको गुल्म जातिको रौं जस्ता झुसहरुले ढाकिएको मझौला खालको विरुवा हुन्छ । काण्ड तथा हाँगाहरु पनि रौं जस्ता झुसहरुले ढाकिएको लगभग पाँच/छ वटा कोणहरुबाट भएको हुन्छ । पछि गएर तलतिरको भागको झुसहरु जरामा परिवर्तित हुन्छ । यसको पात एकातिर सर्लक्क निस्केको, खण्ड-खण्ड गरि विभक्त भएको, हल्का रौंहरु जस्ता झुस भएको, मिचेर गन्ध लिंदा एकदम उग्र तर मीठो खालको आउने, भालाको टुप्पोजस्तो आकार भएको



वा कुनै-कुनै आयतकार पनि हुन्छ र दाँत-दाँत परेको हुन्छ । यस पुष्पको रङ्गको हिसाबले दुई प्रकारमा विभाजन गरिएको छ । एक त गहिरो, पहेंलो रङ्गको हुन्छ । अर्को सुन्तला रङ्गको हुन्छ । यस पुष्पको व्यास दुई ईन्चदेखि चार इन्चसम्मको हुन्छ । यसको बीउ राम्रोसंग फक्रिएको पुष्पको तल्लो हरियो भागभित्र कालो वर्णको हुन्छ । राम्रोसंग फक्रिएको पुष्पको तल्लो हरियो भागलाई च्यातेर हेर्दा यसको बीउ देख्न सकिन्छ । यसको बीउलाई राम्रोसंग सुकाइ सुरक्षित राख्नुपर्दछ । हुन त यस पुष्पको बीउ जुन कुनै महिनामा छरेपनि उम्रन्छ तर यदि जेठ वा असार महिनामा रोपियो भने जाडो लाग्ने बेलामा वा तिहारको समयमा बडो आकर्षक, सुन्दर र मनमोहक पुष्प फुल्दछ । यस पुष्पको प्रयोग विशेषगरि तिहारमा भएको देखिन्छ । तिहारमा दिदीबहिनीहरुले यो पुष्पको माला आफ्ना दाजुभाइहरुलाई लगाइदिने चलन छ । सायद तिहारको समय वा जाडोयामको शुरुवातसंगै यो पुष्प पुष्पित हुने र अत्यन्तै आकर्षक हुने भएकाले तिहारमा यसको प्रयोग भएको हुन सक्दछ । आजकल यो पुष्प व्यापार र आम्दानीको राम्रो स्रोत बन्दै गएको छ । पुष्पको माला निकै राम्रो मूल्यमा विक्री हुने गरेको पाइन्छ । यो पुष्प हेर्दा र गन्ध लिंदा जति आकर्षक छ त्यति नै महत्व औषधिका गुणहरु पनि छन् । आयुर्वेदिक दृष्टिकोणमा पनि सयपत्री पुष्पलाई महत्वपूर्ण मानिन्छ ।

यस पुष्पलाई मुखमा राख्दा यसको स्वाद तितो र टर्रो हुन्छ, यसको गुण भनेको शरीरलाई हल्का र सुखा बनाउँदछ । यसको विणक कटु हुन जान्छ र यसले शरीरमा शितलता प्रदान गर्दछ । कफ र पित्तबाट हुने रोगहरुमा यसको काँडा बनाएर पिलाउने चलन छ । कोरिएको घाउ वा सुन्निएकोमा यस पुष्पको पात र पुष्पलाई पिसेर लेप लगाइनछ । नाकबाट रगत बगेमा पात पिसी रस निकालेर दुई-दुई थोपा नाकमा चुहाउने । पायल्स वा महिलाको रगत धेरै बग्ने भएमा पुष्पलाई पिसेर रस निकाली घ्यूमा झानेर पिउन सकिन्छ । दम बढेमा पुष्पको वाफ लिने । आउँ मासी परेमा पनि पुष्प र पात राखेर उमालेको पानी पिउने आद । यस पुष्पलाई मेक्सिकोको मूल निवासी मानिएको छ । यसको खेति नेपालमा पनि प्रसस्त भएको पाइन्छ ।

(लेखक : सुमेरु आयुर्वेद क्लिनिक, पोखरा-३ मा आवद्ध छन् ।-सं.)

उद्घोषण कला सम्बन्धी तीन दिने तालिम सम्पन्न

पोखरा ५ कार्तिक ।

दिपशिखा सामुदायिक पुस्तकालय लेखनाथ १ भण्डारढिकले आयोजना गरेको उद्घोषण कला सम्बन्धी तीन दिने तालिम सम्पन्न भएको छ । भरतपोखरी गाविस, लेखनाथका वडानं १ र १३का महिलाहरुको सहभागिता रहेको तालिममा रेडियो गण्डकी र गण्डकी टेलिभिजनका समचार प्रमुख घनश्याम पाण्डेय र दिपशिखा पुस्तकालका प्रविणा विश्वकर्माले सहजीरकरण गरेका थिए । समापन कार्यक्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीले पुस्तकालय सवैको साझा भएकोले सवै लाई फुर्सद हुनासाथ पुस्तकालय आउने बानीको विकास गर्न र आवश्यक तालिम माग गर्न पनि आग्रह गरे । आफूहरुले स्थापनादेखि महिलाहरु का लागि गुडिया बनाउने तालिम, हाते कडाई, कम्प्युटर तालिम, उद्घोषण कला लगायतका तालिम निःशुल्क रुपमा संचालन गर्दै आएको बताए । पुस्तकालयका कार्यक्रम संयोजक होमनाथ पौडेलले सामुदायिक पुस्तकालय जनताको विश्वविद्यालय भएको बताए । तालिममा सहभागीहरुले निर्धक संग कार्यक्रम संचालन गर्न सक्ने भएको बताए । तालिमका प्रशिक्षक पत्रकार घनश्याम पाण्डेयले उद्घोषण कला सम्बन्धी तालिमले उद्घोषणको लागि आवश्यक ज्ञान प्रदान गरेकोले सहभागीहरुले कार्यक्रम संचालन गर्दा सिकेको कुरा लाई व्यवहारमा प्रयोग गर्नु पर्ने बताए । सहभागी सवैजनाले निर्धकक संग जुनसुक्कै कार्यक्रम पनि संचालन गर्न सक्ने भएको पाण्डेयको भनाई थियो ।

कार्यक्रमको संचालन सहभागी सकुन्ता पौडेलले गरेका थिए भने तालिममा सहभागी लक्ष्मी गुरुङ, पदमा गिरि, तृष्णा आचार्य, विन्दु सुनार लगायतले तालिमले आफुहरु लाई सफल उदघोषक र सक्षम महिला बन्न सहयोग पुग्ने बताए । आगामी दिनमा पनि यस्ता तालिम अन्य महिलाहरु लाइ पनि दिनु पर्ने उनीहरुको भनाईरहेको थियो ।

हिमपहिरोमा मृत्यु भएकोप्रति दुःख व्यक्त

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।

भारतीय आँधि हुदहुदको प्रभावले नेपालका मुस्ताङ्ग ,डोटी लगायतका हिमाली क्षेत्रमा हिमपातमा परि विदेशी र नेपाली गरी ४० भन्दा बढी पर्यटकको असमायिक निधन, सयौं पर्यटक हराईरहेका र सयौं घाइते भएको घटना प्रति नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)गण्डकी धौलागिरिको गम्भीर ध्यान आकृष्ट भएको जनाएको छ ।

नेपाल सरकार र सम्बन्धित निकायले हुन सक्ने क्षतिको समयमा जानकारी नगराई जनधनको क्षति हुनुका साथै विश्वमा पर्यटक सम्बन्धि नकारात्मक सूचना प्रवाह भएको युनियनको ठहर छ । घटनामा विदेशी पर्यटक, नेपाली आन्तरिक पर्यटक, नेपाली श्रमिकहरुको दुःखद् असमायिक निधन भएकोले मृत आत्माप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार जनमा समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थलाभको कामना समेत युनियनले गरेको छ । घटनामा परी मृतु भएका परिवारलाई उचित क्षतिपूर्ति, घाईतेहरुको निःशुल्क उपचार, हराइ रहेका हरुको यथाशीघ्र खोजविन गर्न नेपाल सरकार र सम्बन्धित निकायमा जोडदार माग युनियनले गरेको छ ।

पर्यटकको विस्तृत विवरण संकलन

म्याग्दी ५ कार्तिक ।(रासस)

म्याग्दी जिल्लाका विभिन्न पर्यटकीय स्थलको भ्रमणका लागि आउने जाने पर्यटकको विस्तृत विवरण राख्न थालिएको छ । पर्यटक सम्बन्धी तथ्याङ्क सङ्कलनका साथै दुर्घटनाको अवस्थामा खोज तथा उद्धार कार्यलाई सहज एवम् सरल बनाउन जिल्ला प्रहरी कार्यालय अन्तर्गतका एकाइ र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापको शिख चेक पोस्टले पर्यटकको विवरण राखेका हुन् । यसअघि पर्यटकीय स्थलमा भित्रिएको मिति, नाम, देश र जान लागेको ठाउँका बारेमा विवरण राख्ने गरिएकामा हालै म्याग्दी, मुस्ताङ र मनाङको हिमाली क्षेत्रमा भएको दुर्घटनापश्चात् थप विवरणसमेत राख्ने गरिएको हो । इलाका प्रहरी कार्यालय घोरेपानी, सीमा प्रहरी चौकी भुरुङ तातोपानी, इलाका प्रहरी कार्यालय दरबाङ र अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप)को शिखस्थित चेक पोष्टले विदेशी पर्यटकको विवरण सङ्कलन गर्दै आएका छन् । सम्बन्धित पर्यटकको नाम, लिङ्ग, देश, कहाँबाट आएर कुन ठाउँमा जान लागेको एजेन्सीमार्फत अथवा व्यक्तिगत कुन रुपमा भ्रमणमा आएको लगायत विवरण राख्न थालिएको एक्याप शिख चेक पोष्टका प्रमुख नेत्र शर्माले बताए ।

सल्यान समितिको देउसीभैलो कार्यक्रम

पोखरा ५ कार्तिक ।(गोल्डेन)

सल्यान समिति कास्कीको आयोजनामा पोखरा उपत्यकामा देउसी भैलो खेल्ने कार्यक्रम जारी छ । संस्कृतिको रक्षा गर्दै सामाजिक कार्यका आर्थिक संकलन गरी अक्षयकोष स्थापनार्थ समितिले यस वर्षको तिहारको अवसरमा सो कार्यक्रम आयोजना गरेको हो । समितिका सहसचिव विष्णुप्रसाद पौडेलले गत सोमबारदेखि देउसी भैलो खेलिएको र यो कार्यक्रम तिहारपछिसम्म पनि जारी रहने बताए । समितिमा आबद्ध आजीवन सदस्यहरुको निवास र आवश्यकता हेरी देउसी भैलो पायक पर्ने ठाउँमा खेल्ने गरिएको छ । स्थानीय सल्यानमा प्रचलित देउसी भैलो र नृत्यलाई देउसी भैलो टोलीको सो टोलीले आफ्नै गला र कलामा उतार्ने गरेका छन् । टोलीलाई मन फुकाएर आर्थिक सहयोग पनि गर्ने गरेको जनाइएको छ । टोलीमा समितिका अध्यक्ष गुरुङको नेतृत्वमा करिब ७० जनाको सहभागिता रहने गरेको छ । सल्यान समितिले विभिन्न समयमा रक्तदान, बृद्धाश्रमलाई सहयोग, सल्यानमा भूमेपूजालगायतका सामाजिक कार्य गर्दै आएको छ ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

होटल विक्रीमा
बैदाम पामे सडक अन्तर्गत फेवाताल किनार, खपौंदीमा दुई रोपनी क्षेत्रफलमा सभाहल र कोठा समेत भएको चालु अवस्थाको कटेज (होटल) विशेष कारणवश तु-विक्रीमा छ ।
सम्पर्क : ९८१४१९८७२५ (कविन्द्र)

Offer! Offer! Offer!
Website Design @ 10,000/-, Android Apps @ 5000/-, Domain Registration @ 1500/-, Hosting Unlimited Space @ 1500/-, Online Internet Radio Streaming @ 5000/-, Computer Sales and Maintenance, Home Service Charge @ 200/-, NOD32/Kaspersky Antivirus @ 500/-, 4GB HP/SONY Pen Drive @ 400/-, 8GB HP/SONY Pen Drive @ 600/-
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, **Skype :** mycomputersathi
Website : www.mycomputersathi.com

चाया, पोतो र डण्डिफोर Bye Bye
चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने
यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।
साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल भर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार । Skin Test गरिन्छ ।
ग्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
ढाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने
नेपालकै नं. १ *Aloevera Juice हामीकहाँ पाइन्छ ।*
बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ५८४६१५४१८८, ०६१-५२४५५४
(मल्ल इम्पोरियमको अगाडि द्वा कम्प्लेक्स भन्दा दुई घर तल)

सुनौलो एफएममा ज्योतिष जागरण
प्रत्येक मंगलबार बिहान ठीक ८:१५ बजेदेखि ९:०० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभूल्नुहोला ।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोवाइल : ९८५६०३०९१४

Visit Visa
Visit Visa मा विदेश जानु परेमा साथै Bank Balance र Audit Report का लागि सम्पर्क गर्नुहोला
सम्पर्क : ५८५६०३७५८१

तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
दीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

विदेश जानेहरूका लागि सुवर्ण अवसर
दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गाडं तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
शतप्रतिशत उत्तीर्ण गराउन सफल
आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गाडंमा पास गराउन सफल
अन्तरवार्ता भइरहेको छ ।
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१४९२

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पिया एलीमेरा जस पाइन्छ
महिला सम्बन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२५५५८, मो. ९८४६१३७४१८

विभिन्न संघ–संस्थाको देउसीभैलो र शुभकामना आदान–प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।

नेकपा एमाले केन्द्रीय कमिटी सदस्य तथा सभासद् रविन्द्र अधिकारीले तोकिएको समय माघ ८ भित्रै संविधान बन्ने बताउनु भएको छ । नेकपा एमाले क्षेत्र नं. ३ र पोखरा विशेष नगर इलाका कमिटीद्वारा संयुक्त रुपमा आयोजित शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा शुभकामना व्यक्त गर्दै सभासद् अधिकारीले पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बन्ने निश्चित भएको बताउँदै यसबाट पोखराको विकास र पोखरेलीहरुको आर्थिक पक्षमा व्यापक सुधार आउने बताए ।

कार्यक्रममा नेकपा एमाले कास्की अध्यक्ष कृष्ण थापा, नेपाली काँग्रेस कास्कीका पूर्व सभापति सोभियतबहादुर अधिकारी, एमाले कास्कीका पूर्व अध्यक्षहरु मानबहादुर जिसी, पुण्यप्रसाद पौडेल लगायत पार्टीको मोर्चा संगठन र स्थानीय कमिटीका कार्यकर्ताहरुको सहभागिता रहेको थियो । नेकपा एमाले क्षेत्र नं.३ का अध्यक्ष धनबहादुर नेपालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा संचालन क्षेत्रीय सचिव ऋषि गौतम र स्वागत पोखरा विशेष नगर इलाका कमिटीका अध्यक्ष झपिन्द्रराज रेग्मीले गरेका थिए ।

विजयादशमी, दिपावली, छठ, इद पर्वको अवसरमा पोखरा-१८ मा मङ्गलबार शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ । वडा स्तरीय महिला समन्वय समिति पोखरा-१८ ले आयोजना



सहारा क्लव पोखराले आयोजना गरेको देउसी भैलो कार्यक्रममा सहभागीहरु । तस्वीर : सुदर्शन रञ्जित

गरेको कार्यक्रममा समाजसेवी, व्यवसायी, राजनीतिक दलका नेताहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष विन्दुकुमार थापाले पोखराको विकासका लागि सवैपक्षसँग सहकार्य गर्दै अघि बढ्ने बताए । राप्रपा कास्कीका अध्यक्ष जे.वी कुँवरले महिला शशक्तिकरणमा सबैले ध्यान दिनुपर्ने औल्याए ।

नेपाली काङ्ग्रेस वडा इकाई समिति पोखरा-१८ का सभापति बोधबहादुर कार्कीले महिलाको सहभागिता विना समाजको विकास हुन नसक्ने भन्दै हरेक निकायमा महिला सहभागिता बढाउनुपर्ने बताए । समाजसेवी थानेश्वर पोखरेलले पछिल्लो समय समाज रुपान्तरका लागि महिला सहभागिता बढ्दै गएको उल्लेख गरे । कार्यक्रममा नेकपा एमालेका माओ थापा, नेकपा माओवादीका खड्क वि.क, टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष तोरण खड्का, समाजसेवीहरु रोमबहादुर कार्की, गोकर्ण कार्की, शिवबहादुर पोखरेल, नारायणप्रसाद भण्डारी, जगन्नाथ तिमिल्सिना, यशोधा भट्टराई, वासुदेव बानिया र लक्ष्मी पोखरेल लगायतले बोलेका थिए । वडास्तरीय महिला समन्वय समिति पोखरा-१८ की अध्यक्ष इन्द्रमाया बाँनियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष काशिमाया गुरुङ, टीका कार्की, राधा कार्कीको समूहले स्वागत र सचिव देवी कार्कीले कार्यक्रम संचालन गरेकी थिईन् ।

यसैगरी भक्तिपथ बाटो निर्माण तथा संरक्षण समिति लामाचौर-३ ले समितिका पूर्व अध्यक्ष सहित विभिन्न व्यक्तिलाई सम्मान गरेको छ । तिहार पर्वको अवसरमा लामाचौरमा आयोजित कार्यक्रममा सभासद शारदा पौडेल र कुमार खड्काले पूर्व अध्यक्षहरु सूर्यबहादुर के.सी, लालबहादुर नेपाली, मोहन के.सी, श्याम के.सी र कृष्णप्रसाद श्रेष्ठलाई सम्मान गरे । भक्तिपथको सडक विस्तार तथा निर्माणमा योगदान पुऱ्याएको भन्दै उनीहरु लाई सम्मान गरिएको थियो ।

त्यस्तै समितिका कर्णबहादुर गुरुङ, गिरीधारी शर्मा, प्रितम पुन, सुबेदार मिनबहादुर गुरुङ, कुमार गुरुङ, बविता गुरुङ, देवमाया गुरुङ, यामबहादुर गुरुङ, धरम तिलिजा र रुकबहादुर तिलिजालाई पनि प्रशंसा पत्रले सम्मान गरिएको थियो । कार्यक्रममा सभासद पौडेलले कास्कीको समग्र विकासका लागि आफू प्रतिवद्ध रहेको बताइन । अर्का सभासद खड्काले संविधान निर्माण पछि मात्रै देशमा विकासको लहर आउने दाबी गरे । समितिका अध्यक्ष बलबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा सहसचिव गिरीधारी शर्माले लामाचौरका समस्याका बारेमा सभासदद्वयलाई जानकारी गराएका थिए । यसैबिच समितिले दुई दिन सम्म देउसी भैलो खेलेर १ लाख ८५ हजार २ सय ३८ रुपैँया संकलन गरेको छ । उक्त रकम भक्तिपथ सडकमा नाला निर्माणमा खर्च गरिने बताइएको छ ।

यसैगरी बुधबारदेखि विग एफएममा रेडियो गेम शो 'तिहारको खेल मज्जाको खेल' शुरु भएको छ । 'हार होईन, जितै जित' भन्ने थिममा तिहारको अवसर पारेर एफएमले रेडियो गेम शो संचालनमा ल्याएको हो । एफएमले दिएको जानकारी अनुसार खेल खेलेर स्रोताहरुले २५ हजार रुपैँयासम्म जित्न सक्नेछन् । तिहारलाई स्रोताहरुसँगै मनाउने र स्रोताहरुलाई मनोरञ्जनसँगै पैसा समेत जिताउने उद्देश्यले एफएमले कार्यक्रम संचालमा ल्याएको बताएको छ । रेडियो गेम शो बुधबार कुकुर तिहारदेखि ७ गते गोवर्द्धन पुजासम्म चल्नेछ ।

पोखरा थर्ड आई रिसर्च सेन्टर प्रालिले यो पटकको 'तिहारको खेल मज्जाको खेल'लाई मुख्य प्रायोजन गरेको छ । 'तिहारमा जुवा खेलेर पैसा र समय बर्बाद गर्ने प्रचलन छ, जहाँ धेरैजनाले हार व्यहोर्छन् ।' एफएमका कार्यक्रम संयोजक संजोग बस्यालले भने-'तर हामीले जित्का लागि मात्रै रेडियो गेम शो को कन्सेप्ट ल्याएका हौं ।' स्रोताहरुले गेम खेल्नका लागि एसएमएसमार्फत दर्ता हुनुपर्ने उनले बताए ।

नोटरी पब्लिक एशोसिएशन गठन

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।

नेपाल नोटरी परिषद ऐन २०६४ बमोजिम नेपालमा पनि अन्तर्राष्ट्रिय अवधारणा अन्तर्गत नोटरी प्रमाणितको कार्य प्रारम्भ भएपछि लिखत प्रमाणित, ट्रान्सलेसन र नक्कल प्रमाणित सम्बन्धी काम हुँदै आएको हो यसलाई अझै व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले नोटरी पब्लिक सेवा प्रदान गर्ने कानुन व्यवसायी अधिवक्ताहरूको कास्की जिल्ला भेलाले नोटरी पब्लिक एशोसिएसन तदर्थ समिति गठन गरेको छ । नोटरी सम्बन्धी अवधारणालाई व्यवहारमा लागू गर्ने क्रममा देखिएका समस्या र समस्यालाई संस्थागत समाधानको पहल गर्न गठन गरिएको तदर्थ कार्य समितिका अध्यक्षमा डि.पी. अधिकारी, उपाध्यक्ष डा. कृष्णगोपाल पराजुली, सचिवमा गीता आचार्य लम्साल, कोषाध्यक्षमा विष्णुप्रसाद अधिकारी र सदस्यहरूमा लिलावल्लभ न्यौपाने, गंगाप्रसाद सुवेदी, विजयप्रसाद अधिकारी सर्वसम्मत चयन भएका छन् । पुनरावेदन बार एशोसिएसन पोखराका अध्यक्ष खगेन्द्रराज आचार्यको अध्यक्षतामा सम्पन्न भेलामा नोटरियन डि.पी. अधिकारीले नोटरीको अवधारणा, विश्वव्यापी मान्यता र नेपालमा यसको कार्यान्वयन सम्बन्धमा बताएका थिए ।

कालिका मन्दिर उद्घाटन आज

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।

स्याङजा जिल्लाको स्वरेक भैरव कालिका मन्दिरको परिसरमा हालै निर्माण भएको कालिका मन्दिरको पोखराका समाजसेवी एवं पर्यटन व्यवसायी तथा द आर्ट अफ लिभिङ पोखराका संयोजक नरेश भट्टराईले गर्ने भएका छन् । कार्तिक ७ गते हुने उद्घाटन एवं सम्मान समारोहमा भट्टराईले मन्दिर उद्घाटन गर्ने मन्दिर निर्माण समितिका उपाध्यक्ष कुल बहादुर खाँणले बताए । उद्घाटनको अवसरमा तीन वटा प्याराग्लाडिङबाट पुष्पवृष्टि गर्नुको साथै पञ्चेबाजा सहित बृहत ज्याली निकालिने बताइएको छ । कार्यक्रममा विश्वको होचो व्यक्तिमा नाम लेखाउन सफल पुर्व विश्वका होचा व्यक्ति खगेन्द्र थापा मगर, पर्यटन परिषदका सुर्य भुजेल, टानका प्रतिनिधि, २०१२ का विश्व प्याराग्लाडिङ च्याम्पिएन सानु बाबु सुनुवार, वरिष्ठ लोकलदोहोरी गायक कृष्ण देवकोटा साथै पत्रकारहरु सहभागिता रहने बताइएको छ । स्याङजाको स्वरेकमा अहिले सम्मकै ठूलो कार्यक्रम गर्न लागेको पत्रकार घनश्याम पाण्डेयले जनाएका छन् । स्वरेकमा स्वरेक महोत्सव लगायतको कार्यक्रम सम्पन्न भएपनि यस पटकको कार्यक्रम बृहत हुन लागेको पाण्डेयको भनाई छ । कार्यक्रममा स्वरेकको पर्यटन प्रवर्द्धनको लागी पनि अन्तरक्रिया हुने बताइएको छ । कार्यक्रममा सहभागी हुन मन्दिर निर्माण समितिले सबैलाई अनुरोध समेत गरेको छ ।

शीर्ष नेताबीच सहमति नजुटेपछि तिहारपछि बैठक

काठमाडौं ५ कार्तिक ।

नयाँ बन्ने संविधानका विवादित विषयमा सहमति जुटाउने प्रयासका लागि गोकर्ण फरेस्ट रिसोर्ट पुगेका प्रमुख तीन दलका शीर्ष नेताहरू सहमति नजुटेपछि तिहारपछि बैठक बस्ने गरी बाहिरिएका छन् ।

राज्यको पुनःसंरचना, शासकीय स्वरूप, न्याय र निर्वाचन प्रणालीका विषयमा सहमति खोज्न नेपाली काँग्रेस, नेकपा (एमाले) र एकीकृत नेकपा (माओवादी)का शीर्ष नेताहरू हिजो मङ्गलबारदेखि गोकर्णमा निर्णायक छलफलमा जुटेका थिए । दुई दिनसम्म चलेको बैठकमा नेताहरूले यसअघिका आ-आफ्नै अडानहरू यथावत राखेपछि निष्कर्षहीन भएको बैठकलाई तिहारपछि जारी गर्ने भन्दै अपराह्न नेताहरू बैठकबाट बाहिरिएका थिए । बैठकमा काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा, उपसभापति रामचन्द्र पौडेल, महामन्त्री कृष्णप्रसाद सिटौला, एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेता डा. बाबुराम भट्टराई, उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, नेकपा एमालेका अध्यक्ष केपी ओली, नेता माधवकुमार नेपाल र महासचिव ईश्वर पोखरेल सहभागी थिए ।

मङ्गलबारदेखि सुरु भएको बैठक आवासीय भनिए पनि केही नेता राति घर फर्केर बुधबार बिहान पुनः बैठक स्थल पुगेका थिए । वरिष्ठ नेताहरू देउवा, भट्टराई, नेपाल र सिटौला रिसोर्टमै बास बसेका थिए ।

विवादित देखिएका उपरोक्त विषयमा सहमति जुटाउन यसअघि पनि यिनै प्रमुख तीन दलले विगत छ वर्षदेखि सयौं पटक बैठक गरिसकेका छन् । विवादित विषयमा सहमति जुटाउन गठन भएको संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले उक्त विषयमा टुङ्गो लगाउन नसक्दा हालको संविधानसभाले समितिको म्याद तेस्रो पटकका लागि थप गरेको छ । संविधानसभाको मङ्गलबारको बैठकले संविधान बनाउन निर्धारण गरिएको आगामी माघ ८ गतेको समयसीमालाई प्रभावित नहुने गरी यही कार्तिक १५ गतेभित्र समितिलाई सहमति जुटाउन पुनः समय दिएको छ । विवादित विषयमध्ये पनि सबैभन्दा जटिल देखिएको सङ्घीयताको विषयमा काँग्रेस र एमाले भौगोलिक स्वरूप र सामर्थ्यका आधारमा सात प्रदेश हुनुपर्ने अडानमा रहेका छन् भने एमाओवादीलगायतका मधेसवादी दलहरू पहिचानका आधारमा कम्तीमा १० प्रदेश हुनुपर्ने अडानमा रहेका छन् । संवैधानिक(राजनीतिक संवाद तथा सहमति समितिको संयोजनमा भएको बैठकमा दुई दिनसम्म औपचारिक र अनौपचारिक, समूहगत र छुट्टाछुट्टै छलफलहरू भएका थिए ।

पैदलमार्ग निर्माणका लागि समिति

पोखरा ५ कार्तिक ।(गोल्डेन)

कल्चर कन्जर्भेसन एशोसिएशन नेपाल (सिसिएन) को आयोजनामा ढिकुरपोखरी, कास्कीकोट, सराङ्गकोट पर्यटकीय बाटो निर्माणको लागि कास्कीकोट खण्डको पैदलमार्ग निर्माण गर्न निर्माण उपसमिति गठन गरिएको छ । बुधबार कास्कीकोटमा भएको एक भेलाले धर्म गिरीको अध्यक्षतामा १३ सदस्यीय पर्यटकीय बाटो निर्माण तथा संस्कृति संरक्षण उपसमिति गठन गरेको हो । उपसमितिको उपाध्यक्षमा डिल्लीराम सुवेदी, सचिवमा गोविन्दप्रसाद पौडेल, सहसचिव नारायण प्रसाद सुवेदी, कोषाध्यक्षमा जमुना गिरी र सदस्यहरुमा नविन परियार, रिप बहादुर अधिकारी, खिमलाल त्रिपाठी, बलराम त्रिपाठी, गणेशभक्त बस्ताकोटी, नरहरि दाहाल, देविलाल अधिकारी र चन्द्रा तिमिल्सिना रहेका छन् । प्रमुख अतिथि नगर विकास समितिका पूर्व सभापति तथा समाजसेवी दुर्गाप्रसाद तिमिल्सिनाले सिसिएनले संस्कृति संरक्षण र पर्यटन क्षेत्रको विकासमा गरेको कार्यको प्रसंसा गर्दै संस्थाले शुरुवात गरेको कार्यमा सबैले सहयोग गर्नुपर्ने बताए । विशेष अतिथि समाजसेवी, शिक्षाप्रेमी खिमराज शर्माले संस्कृतिको संरक्षण गर्दै पर्यटन क्षेत्रको विकास गरी ग्रामीण पर्यटनमा जोड दिनुपर्ने बताए । कार्यक्रममा नारायण प्रसाद सुवेदी, ठाकुर प्रसाद त्रिपाठी, बाबुराम तिमिल्सिना, कृष्णप्रसाद उपाध्याय, हरिप्रसाद अधिकारी, लालबहादुर भुजेल, लक्ष्मण चपाई, विश्व सुवेदी लगायका वक्ताहरुले आ-आफ्नो धारणा राखेका थिए । ढिकुरपोखरी, कास्कीकोट, सराङ्गकोट पर्यटकीय बाटो निर्माण समितिका अध्यक्ष विष्णु हरि शर्माको अध्यक्षतामा भएको कार्यक्रमको संचालन समितिका सदस्य तीर्थराज सुवेदीले गरेका थिए ।

शब्दयात्रा लेखक समाज गठन

पोखरा ५ कार्तिक ।

शब्दयात्रा प्रकाशनबाट पुस्तक प्रकाशन भएका लेखकहरूको बुधबार बसेको भेलाले शब्दयात्रा लेखक समाजको गठन गरेको छ । शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मञ्जुश्रीको अध्यक्षतामा बसेको सो भेलाले समाजको सभापतिमा साहित्यकार डा. श्याम भट्टराई, सचिवमा आध्यात्मिक लेखक उद्धवप्रसाद नेपाल, कोषाध्यक्षमा साहित्यकार टेकलाल भारती र कार्यसमिति सदस्यहरूमा अन्वेषक डा. विष्णु सापकोटा, उपन्यासकार कृष्णप्रसाद पौड्याल, महाकाव्यकार कविप्रसाद प्याकुर्याल, कवि कल्याण लम्साल र साहित्यकार बिकु लामालाई चयन गरेको छ । बैठकमा शब्दयात्रा प्रकाशनको संरक्षण समितिका सदस्य सुमन खड्काको पनि उपस्थिति थियो । उनका अनुसार यसअघि शब्दयात्रा नारी स्रष्टा समाज र शब्दयात्रा पत्रकार समाजको गठन भइसकेको छ भने अब अन्य समाजहरूको पनि गठन गरिनेछ । शब्दयात्रा प्रकाशनबाट हालसम्म २५ जना लेखकका ३४ वटा पुस्तकहरू प्रकाशन भइसकेका छन् भने दुईवटा पुस्तक कार्तिक महिनाभित्रै प्रकाशन हुने भएका छन् ।

फ्ल्याट भाडामा
पोखराको मुटु जिरो किमीमा रहेको घरको फ्ल्याटहरु व्यापारिक व्यावसायिक तथा व्यवसायिक प्रयोजनका भाडामा रहेको हुँदा । आवश्यक महानुभावले तुरुन्त सम्पर्क राख्नुहोला ।
सम्पर्क नं. ९८५६०२९११३
नोट : तिहार अगाडि आउनेलाई विशेष प्राथामिकता

हार्दिक शुभकामना
शुभ दीपावली–२०७१ को पावन अवसरमा सम्पूर्ण ग्राहक, कर्मचारीका साथै नेपाली दाजुभाई, दिदीबहिनी तथा शुभचिन्तकहरुमा सुख, शान्ति, संवृद्धि, सु-स्वास्थ्य तथा दीर्घायूको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रवि अटोमोवाइल्स
नयाँबजार, पोखरा-५, फोन : ०६१-५३२३७२, ९८५६०३७५८१

"ग्याँस गिजर" सेट
इण्डियन कम्पनीका ग्याँस गिजर पाए अरु किन राख्ने ?
नोट : यूरोगार्ड तथा Kent Company का R.O. Water Purifier किचन चिम्नी होलसेल मूल्यमा उपलब्ध हुनुका साथै मर्मत पनि गरिन्छ ।
सम्पर्क
न्यू पायोनियर इन्टरनेशनल
रानीपौवा, पोखरा, फोन : ०६१-५२७५१८, ९८५६०२५३७०

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

STUDY AND WORK IN JAPAN
अब तपाईंको जापान जाने चाहना हामी पुरा गर्छौं ।
❖No Visa No Money ❖Part time job Gurantee
❖Bachelor /Master No need of NAT/JLPT
❖NAT, JLPT नभएपनि Apply गर्न पाइने ।
❖Group मा आउनेलाई विशेष छुटको ब्यवस्था ।
❖Free language and Documentation
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool.Pokhara,Medicalline,Tel:061-520113, 9846646980, 9856046980

हामी सरेका छौं
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)
Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA
➪यौन पुरुष : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, पुन सुहाग रात फर्काउन, Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
➪केश झर्न तुरून्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
➪मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
➪उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
➪तौल बढाउने आयूर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
➪थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
➪तौल घटाउने जापनिज deit मात्र २५००।-
➪ढाड तथा जोर्नी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनसिल
✱ तौल घटाउन Slim 24 pro
पोखरा हर्वल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

STUDY in JAPAN 'n' USA
हाम्रा विशेषताहरु:
मात्र रु. ५ लाखमा जापान
+2 मा ६०% ल्याउनेले विना
TOFEL or IELTS अमेरीका
Apply गर्न सकिने
▸▸ कमाउदै अध्ययन गर्न सकिने ।
▸▸ High भिसा Success Rate.
▸▸ आफुले काम खोज्ने झन्झट व्यहोर्नु नपर्ने ।
▸▸ जापानका ख्याती प्राप्त कलेजमा अध्ययन गर्न सकिने ।
▸▸ कम्तीमा १० वर्ष जापान रहनु भएका प्रशिक्षकद्धारा प्रशिक्षण गराईने ।
▸▸ Apply गर्नेलाई Language Free ।
▸▸ "No Visa No Charge"
▸▸ एस.एल.सी बाट पनि जापानका लागी Apply गर्न सकिने ।
▸▸ NAT/JLPT नभए पनि हुने ।
अमेरीका र न्युजल्यान्ड मात्र रु. ९०००००/-
सम्पर्क: ब्रेसएजुकेशन ९८५६०३७९०६ ५२८८२५
उमेर तथा Education gap NO PROBLEM

भिन्तुना च्याली ११३५ को सम्पूर्ण तयारी पुरा

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।

नेपाल सम्वत ११३५ को अवसरमा नेवा खल: कास्कीले पोखरामा आयोजना गर्न लागेको भिन्तुना च्यालीको तयारी पुरा भएको छ । नेपाल सम्वतको अवसरमा हरेक वर्ष पोखरामा निकालिँदै आएको भिन्तुना च्याली यस वर्ष यहि कात्तिक ७ गते निकालिने लागेको र च्यालीको तयारी पुरा भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा नेवा खल: कास्कीका अध्यक्ष अशोक पालिखेले बताए ।

नेवा खल: कचा: पृथ्वीचोकको संयोजनमा सभागृहचोकबाट विहान साढे ७ बजे शुरु हुने भिन्तुना च्याली सभागृहचोक, पृथ्वीचोक, सिर्जनाचोक,सिमलचौर, बगालेटोल, गणेशटोल, भीमसेन टोल हुँदै नेवा छेँ भवन भिसीमार्गमा पुगेर सम्मान समारोहमा परिणत हुने पालिखेले जानकारी दिए । नेवा खल: कचा: भीमसेन टोलको संयोजनमा हुने समापन



कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरुभक्तलाई सम्मान गरिने नेवा खल:ले जनाएको छ ।

त्यस्तै नेवा छेँ भवन निर्माणका लागि ५ लाख भन्दा बढी आर्थिक सहयोग गर्ने गणेशबहादुर श्रेष्ठ, सुशील गोशेली, पूर्ण श्रेष्ठ, जीतप्रसाद द्वा, विकलमान बुद्धाचार्य, सत्यमान लाभाजु, बद्रिमाया द्वा र मिनबहादुर श्रेष्ठलाई सम्मान गरिने पालिखेले बताए । पर्यटन सचिव शुरेशमान श्रेष्ठको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा प्रमुख वक्ताको रुपमा साहित्यकार तथा शिक्षाविद् सुवर्ण शाक्यको सहभागिता रहने पालिखेले जानकारी दिए । च्यालीमा तमु धिँ नेपाल, किराँत सेवा समिति, पुन समाज, तामाङ समाज, थकाली समाज लगायतका विभिन्न जनजातिको झाँकी सहित र्यालीमा सहभागि हुने पालिखेले जानकारी दिए । नेपाल सम्वत ११३५ कै अवसरमा नेवा खल: कास्कीले कात्तिक ६ गते मोटरसाईकल च्याली पनि निकाल्ने पत्रकार सम्मेलनमा जानकारी दिएको छ ।

नेपाल सम्वतको प्रचारप्रसार गर्ने उद्देश्यले खड्गी समाज कास्कीको संयोजनमा विहान साढे ७ बजे भैरव मन्दिरबाट शुरु हुने मोटरसाईकल च्यालीले सहरका विभिन्न भागको परिक्रमा गरेर पुन: भैरव मन्दिरमै आएर समापन हुने नेवा खल: कास्कीले जनाएको छ । त्यसैगरी नेपाल सम्वतकै अवसरमा कात्तिक ६ गते रक्तदान पनि गरिने भएको छ । भैरव सांस्कृतिक समिति, लायन्स क्लव अफ भैरव र शिव मन्दिर समितिको संयुक्त संयोजनमा भैरव मन्दिर प्राङ्गणमा विहान साढे ७ बजे बाट रक्तदान कार्यक्रम पनि गरिने अध्यक्ष पालिखेले जानकारी दिए । उनले सहभागिताका लागि पोखरेली समुदायलाई आग्रह समेत गरेका छन् । संस्कृतिकर्मी तीर्थ श्रेष्ठले नेपाल सम्वत नेपालको सम्पदा भएको बताउँदै राष्ट्रिय महत्वका बिषयमा तथा सन्धि सम्झौतामा समेत नेपाल सम्वत उल्लेख गरीनुपर्ने जोडदार माग राखे । नेपाल सम्वत नेवारी समुदायहरुको मात्र नभई यो समग्र नेपालीहरुको भएकोमा सबैको चासो हुनुपर्नेमा प्रचार संयोजक दिपेन्द्र श्रेष्ठले बताए ।

पद्मश्री सहकारीको अध्यक्षमा पुन:शर्मा चयन

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।

पद्मश्री बचत तथा ऋण सहकारी संस्थाको तेस्रो अधिवेशन तथा सातौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । साधारण सभा संस्थाको अध्यक्ष सावित्री शर्माको अध्यक्षता र सचिव इन्दिरा कोइरालाको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रममा उपाध्यक्ष सुजा बास्तोलाले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् भने कार्यक्रमको प्रमुख अतिथि मिठुदेवी के.सी.लाई बनाइएको सो कार्यक्रममा संस्थाका श्यामकुमार शर्मा र कपिलनाथ कोइरालाले पनि मन्तव्य प्रकट गरेका थिए । कार्यक्रममा अध्यक्ष, सचिव र कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत भई पारित गरिएका थिए । त्यस्तै लेखा समिति संयोजक यदुनाथ ढकाल र रजिष्ट्रर्ड लेखापरीक्षक कमलबहादुर रेग्मीद्वारा गरिएको लेखापरीक्षण प्रतिवेदन पनि पारित गरिएका थिए । अधिवेशनमा निर्वाचन सम्बन्धी कार्य गर्न संस्थाका संरक्षक कपिलनाथ कोइरालको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको थियो । निर्वाचनबाट आगामी ३ वर्षे कार्यकालका लागि सञ्चालक समितिको अध्यक्षमा सावित्री शर्मा, उपाध्यक्षमा सुजा बाँस्तोला, सचिवमा इन्दिरा कोइराला, कोषाध्यक्षमा उर्मिला बस्नेत र सदस्यहरूमा सरिता पराजुली (क), विजया बाँस्तोला, रोशन कोइराला, सुशिल पराजुली र सरिता पराजुली (ख) निर्वाचित भए ।

त्यस्तै लेखासमिति संयोजकमा गणेशप्रसाद कोइराला र सदस्यहरूमा यशोदा बास्तोला र सविता शर्मा चुनिए । त्यस्तै ऋण लगानी उपसमिति र शिक्षा उपसमितिमा दुई-दुई जना सदस्यहरू क्रमश: मुना बाँस्तोला र ईश्वरी कोइराला तथा धनकुमारी शर्मा र भोजमाया थापा निर्वाचित भए । त्यस्तै अतिरिक्त क्रियाकलाप उपसमिति संयोजकमा मिलन के.सी. चुनिइन् । निर्वाचित सबैलाई निर्वाचन समितिका संयोजक कपिलनाथ कोइरालाले पद तथा गोपनीयताको शपथ खुवाएका थिए । संस्थाको कार्यालय वडा नं ९ न्यूरोडमा रहेको छ । गत आर्थिक वर्षसम्म संस्थाले रु. १ करोड ४३ लाखको कारोवार गरिसकेको छ र संस्थाको कार्यक्षेत्र पोखराका ४, ५, ९, १० र ११ नं. वडाहरू रहेका छन् । सो अवसरमा संस्थामा उत्कृष्ट कार्य गरेबापत् उर्मिला बस्नेत, इन्दिरा कोइराला, मनमाया ओझा, सुजा बाँस्तोला, मुना बाँस्तोला, विजया बाँस्तोला, रोशन कोइराला, ईश्वरी कोइराला र रीता सापकोटालाई समेत सम्मान गरिएको थियो ।

राष्ट्रिय महिला अधिकार मञ्चमा ढकाल

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।

राष्ट्रिय महिला अधिकार मञ्च कास्कीको तेस्रो जिल्ला अधिवेशनले कल्पना ढकालको अध्यक्षतामा एघार सदस्यीय महिला अधिकार मञ्च कास्कीको नयाँ कार्य समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा लक्ष्मी थापा, सचिवमा पार्वती आचार्य, कोषाध्यक्षमा धना तामाङ्ग, सह सचिवमा विष्णुमाया पौडेल र सदस्यहरुमा क्रमश: अम्बिका सुवेदी, विष्णमाया पौडेल, सावित्री पराजुली, धना पौडेल, राजकुमारी परियार र दुर्गा बस्नेत चयन भएका छन् ।

महिला तथा बाल बालिका कार्यालय कास्कीका प्रमुख महिला विकास अधिकृत लक्ष्मी जि.सि.को प्रमुख आतिथ्यतामा सम्पन्न सो अधिवेसनको प्रथम सत्रमा संस्थापक अध्यक्ष कल्पना ढकाल तथा अर्मला गाविस वडा नं. ७ का महिला अधिकार मञ्चका सदस्य लालसोभा गुरुङ्गको जोडिलाई सम्मान पत्र सहित दोसल्ला ओढाएर सम्मान गरेको थियो । अधिवेसनमा महिला तथा बाल बालिका कार्यालय कास्कीका प्रमुख महिला विकास



अधिकृत लक्ष्मी जि.सि.ले महिला अधिकार प्राप्ती गर्नु भनेको सिस्नु टिप्नु सरह भएकोले अधिकार प्राप्तीको लागी नियम कानुन परिधिलाई हतियार बनाई अधिकार प्राप्त गर्नु पर्ने सुझाब दिइन । सिद्धार्थ क्लवका अध्यक्ष दिपेन्द्र मर्सानी, बाल तथा महिला शसक्तिकरण समाज नेपालका अध्यक्ष सीता भट्टराई, प्रहरी नायब निरिक्षक गीता रानाभाट, अर्मला गाविसका सचिव राजेन्द्र आचार्य, भूमि अधिकार मञ्च कास्कीका अध्यक्ष आस बहादुर गुरुङ्ग, महिला मानव अधिकार रक्षक सञ्जाल कास्कीका उपाध्यक्ष कमला गहतराज, कोपिला नेपालका पविन्द्र शाही, विष्णु कुमारी पौडेल लगायतले आ-आफ्नो भनाई राखेका थिए । महिला अधिकार मञ्च कास्कीका अध्यक्ष राधा गौतमको अध्यक्षतामा सम्पन्न अधिवेसनमा संस्थाको वार्षिक प्रतिवेदन सचिव पार्वती आचार्यले गरेकी थिइन भने स्वागत मन्तव्य कोषाध्यक्ष लक्ष्मी थापाले गरेकी थिइन । महिला अधिकार मञ्च कास्कीले संगठित गरेका महिला अधिकार मञ्चका गाविस स्तरीय सदस्य तथा पदाधिकारीहरु लगायत ६३ जनाको उपस्थितिमा सो अधिवेशन सम्पन्न भएको थियो ।

धम्पुसमा प्रहरी चौकी

पोखरा ५ कार्तिक ।(गोल्डेन)

कास्की जिल्लाको उत्तरी भेगस्थित धम्पुस गाविसमा रु ९९ लाख ८२ हजारको लागतमा सुविधा सम्पन्न प्रहरी चौकी भवन निर्माण सम्पन्न भएको छ । नेपाल सरकार शान्ति तथा पुन:निर्माण मन्त्रालय शान्तिकोष सचिवालयको आर्थिक सहयोगमा निर्माण सम्पन्न भएको १३ कोठे सो साढे दुई तल्ले पक्की भवनमा कार्यालय, भान्साघर, व्यारेक र महिला तथा पुरुष बन्दी कक्ष रहेका छन् । सो नवनिर्मित भवनको प्रहरी नायब महानिरीक्षक बमबहादुर भण्डारीले बुधबार उद्घाटन गर्दै जनताको शान्ति सुरक्षाका लागि प्रहरी एकाइको भौतिक विकासले महत्वपूर्ण योगदान पुग्ने विचार व्यक्त गरे । भवन निर्माण समितिको संयोजक दलबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख वसन्तकुमार लामाले नागरिक र प्रहरीको बीचको समन्वयबाट अपराध नियन्त्रणमा सहयोग पुग्ने धारणा राखे ।

के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : छासूत्रद्वारा पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:खे, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।



यमपञ्चकको दोस्रो दिन कुकुर तिहार

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ कार्तिक ।

यमपञ्चकको दोस्रो दिन बुबार इमान्दारीपूर्वक घरको सुरक्षामा खटिने जनावर कुकुरको पूजा गरी मीठो खानेकुरा खान दिएर मनाइएको छ ।

कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुरको पूजा गरी मीठो खान दिए यमलोकको यात्रा गर्दा यमराजको पहरेदारका रुपमा मूलढोकामा बस्ने श्याम र सबल नाम गरेका कुकुरले सहजरुपमा बाटो छोडिदिने धार्मिक विश्वास रही आएको छ । घरमा कुकुर पाल्नाले मुटु र मधुमेहजस्ता रोग नलाग्ने आधुनिक बैज्ञानिक विश्वास समेत रही आएको छ । वैवस्वत मन्वन्तर कुलमा जन्मिएको कुकुर अहिले लोकप्रिय घरपालुवा जनावरका रुपमा समेत स्थापित भएको छ । नदी, तलाउ वा धारामा गई स्नान गरेर सालको पातमा यमदीप दक्षिण दिशामा फर्काई बालेर बगाउने कार्य पनि वैदिक सनातन हिन्दू धर्मावलम्बीले गरेका छन् । यसलाई नरक स्नान गर्ने र नरक बगाउने भनिन्छ ।


लोकगायिका...

स्वर दिएकी छन् भने उत्तिकै मात्रामा भिसिडी बजारमा आएका छन् । सयौं गीतमा स्वर दिएकी कोइरालाको गीत विमोचन एवं लोकापर्ण भएको यो चौथो हो । गीतमा स्वर दिएर विमोचन, लोकापर्ण नगरि श्रोता र दर्शकमाझ जानुपर्ने, गीतको मूल्याइकन श्रोता र दर्शकले नै गर्नुपर्छ भन्ने मान्यता आफ्नो रहेको श्रष्टा हरिदेवी कोइराला बताउँछिन् ।

यसैबीच भिसिडी विमोचन कार्यक्रममा ठाडोभाका गायिका स्व. ज्ञानमाया थापाको सम्मानस्वरुप १५ हजार रुपैयाँ पुरस्कार उनको परिवारलाई प्रदान गरिएको छ । हरिदेवी कोइराला साहित्य संगीत सम्मान कोष र सप्तरङ्गी संस्कृतिक प्रतिष्ठान नेपाल, लोककवि अलिमियाँ वाङ्मय प्रतिष्ठान र लेखनाथ साहित्य प्रतिष्ठानले उक्त पुरस्कारमा रकम सहयोग गरेका छन् । कार्यक्रममा स्व. जनकविकेशरी धर्मराज थापाको स्मरण र लोक कवि स्व. अलिमियाँ अन्सारीको ८४ वार्षिकोत्सवमा तयार गरिएको ठाडोभाका गीत तथा भिडियो प्रदर्शन गरिएको थियो ।

आनन्दको विज्ञान पुस्तक बजारमा आइपुग्यो

प्रकाशित भएको एक महिनामै 'वेष्ट सेलिङ'मा पर्न सफल पुस्तक '**सुपरभिजन-आनन्दको विज्ञान**' बजारमा सर्वत्र उपलब्ध छन् । खोजी-खोजी पढौं ।



लेखक : **डिलाराम लामिछाने**
कृति : जीवन दर्शन (सबै वर्ग र तहका व्यक्तिहरुलाई उपयुक्त पुस्तक)
पुस्तक पाइने ठाउँहरु
बुकमार्ट, गैह्रापाटन, पोखरा, **पाठक बुक्स एण्ड स्टेशनरी**, सभागृहचोक
बाजे पुस्तक पसल, महेन्द्रपुल, पोखरा
स्पार्क बि. एण्ड डि. हस्पिटल, सभागृहचोक, पोखरा
एवं पोखराका प्रमुख पुस्तक पसलहरु ।
सम्पर्क : फोन : ०६१-५२१४०८, मोवाइल : ९८४६०३४३८४



शुभ दीपावली तथा छठ पर्व-२०७१ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा